आज मिति २०७५ साल बैशाख १० गतेका दिन व्यास नगरपालिका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । वैठकको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

<u>उपस्थिति</u>

| | | | |
|---|---|---|---|
| - | नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - | नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - | वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - | वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | अनुपस्थित |
| - | वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| - | वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - | वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - | वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - | वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - | वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - | वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - | वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - | वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - | वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | अनुपस्थित |
| - | कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| - | कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - | कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - | कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - | कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - | कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - | सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | ,, |
| - | वरिष्ठ आ.ले.प अधिकृत | श्री कुमारकन्चन जि.री | ,, |

<u>निर्णयहरु</u>

**<u>निर्णय नं.१:</u>** यस व्यास न.पा.द्वारा निर्माण गर्नुपर्ने ऐनहरुको मस्यौदा तयार गरी २०७५ जेष्ठ ७ सम्म पेश गर्न विधायन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**<u>निर्णय नं.२:</u>** शुक्रवार न्यूनतम ५ घण्टा र अन्य दिन न्यूनतम ७ घण्टा वडा कार्यालय खुला रहने गरी समय मिलाएर र कर्मचारीसँग समन्वय गरी कार्यालय संचालनको व्यवस्था मिलाउन वडा कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

**<u>निर्णय नं.३:</u>** खेलकुदलाई महत्व दिन र आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ यही २०७५ साल बैशाख २९ गते शनिवार म्याराथन दौड संचालन गर्ने निर्णय गरियो । दौडको मार्ग व्यास ५ मानहुँकोट मैदान, अलैचे चापाघाट चोक, व्यास ३ पृथ्वीराजमार्ग दुर्गा मन्दिर, अनसन चौतारी चोक, सफा सडक, व्यास २ र ४ पृथ्वी राजमार्ग भोर्लेटार चोक, १० बैरेनी, कुमालटारी, दुम्सी, खहरे, व्यास ७ कलेस्ती, खहरे, पाथ्रा, सत्रसय, वानियाटार, बर्लाची, सोतीवेशी, रिस्ती बगुवा वडा नं ८ वाहुन पोखरा, गाडापानी हुदै पुलीमराङ्ग । यस दौड प्रतियोगिताका लागि अधिकतम (१००० क्याप, १००० टिसर्ट (प्रति जोडा रु.६००) नबढ्ने गरी क्याप, टिसर्ट, पुरस्कार र अन्य व्यवस्थापन खर्चका लागि रु.१० (दश) लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** ४०% लागत सहभागिता जुटाई वडा नं २ स्थित विद्यार्थी पुस्तक पसलदेखि कृष्णमानको घरसम्म पक्की नाला निर्माण गर्ने कार्यलाई रु.२,००,०००। रकम वडाबाट विनियोजन भई कुल ३,९०,०००। को लागत स्टिमेट देखिंदा न.पा. कोषबाट ६०% व्यहोर्ने नीति अन्तर्गत २,३४,०००। (दुई लाख चौतिस हजार रुपैयां) मात्र नगरपालिका कोषबाट व्यर्होने निर्णय गरिन्छ ।

**निर्णय नं.५:** व्यास नगरपालिका वडा नं ४ रेन्जपोष्टदेखि खानेपानी कार्यालय हुदै सुवर्णमार्गसम्म नाला निर्माणका लागि २० प्रतिशत लागत सहभागिता गराई निर्माण गर्न रु.८ लाख विनियोजन गर्ने निर्णय गरियो । उक्त रकम ५० (पचास) लाखको लागत सहभागिता अन्तर्गत वडा नं ४ बाट बांकी रकम मध्येबाट खर्च हुनेछ ।

**निर्णय नं.६:** व्यास नगरपालिकामा रहेको न्यायिक समितिको प्रत्येक बिहीवार निर्णय तथा मध्यस्थ गर्नका लागि बेन्च बस्ने निर्णय गरियो ।

**निर्णय नं.७:** व्यास नगरपालिकाको कानूनी सल्लाहकारको रुपमा व्यास नगरपालिका वडा नं ६ निवासी अधिवक्ता श्री यज्ञबहादुर रानालाई नियुक्ति गर्ने निर्णय गरियो । कानूनी सेवा प्रदान गरे वापत आपासी करारनामा गरी पारिश्रमिक तय गरिनेछ ।

**निर्णय नं.८:** व्यास नगरपालिकाको गतिविधिलाई समाचार माध्यम समक्ष पुर्‍याउने उद्देश्यले व्यास नगरपालिका वडा नं ३ निवासी पत्रकार श्री प्रदिप काफ्लेलाई प्रेस सल्लाहकारमा नियुक्ति गर्ने निर्णय गरियो । प्रेससँग परामर्श सेवा प्रदान गरे वापत आपसी करारनामा गरी पारिश्रमिक तय गरिनेछ ।

**निर्णय नं.९:** प्राविधिकहरुको अत्याधिक चाप भएकाले अर्को व्यवस्था नहुँदासम्म घर नक्शा शाखाबाट गरिदै आएको स्थलगत सर्जमिन कार्यलाई अर्को व्यवस्था नहूदासम्मका लागि वडा कार्यालय मार्फत गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.१०:** अल्पसंख्यक रुपमा रहेको राजामामाको काजक्रिया खर्च वापत लागेको रु.३१,४९०। खर्च व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** व्यास नगरपालिकाको एकिकृत शहरी विकास योजना (IUDP) का लागि निम्नानुसारको निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) नगर प्रमुख | -संयोजक |
| (ख) उप प्रमुख | -उप संयोजक |
| (ग) वोर्डका सदस्यहरु र सदस्य सचिव | -सदस्य |
| (घ) इन्जिनियर रविन्द्रलाल मूल | -सदस्य सचिव |

**निर्णय नं.१२:** व्यास नगरपालिकामा रहेका विषयगत समितिहरुलाई नै एकिकृत शहरी विकास योजना (IUDP) का लागि विषयगत समिति कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं १३:** व्यास नगरपालिकाको घर नक्शा पासको कार्यलाई SOftwore System मा लैजानका लागि आवश्यक पर्ने Server Computer A3 Size को स्क्यानर र एउटा प्रिन्टर खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं १४:** व्यास नगरपालिका वडा नं १ माहिलीडाँडा सडक कालोपत्रे योजनाको लागि वडा समितिबाट विनियोजित रकम रु.१० लाख बराबरको योजना परिवर्तन गरी माहिलीडाँडा खानेपानी योजनामा ३०% लागत सहभागिता जुटाई योजना सम्झौता गरी प्रकृया अगाडि बाउने निर्णय गरियो ।

**निर्णय नं.१५:** व्यास नगरपालिका वडा नं ५, ६, ७ र १० क्षेत्रमा रहेको मादी नदीको प्राकृतिक स्रोत साधन ढुंगा, गिटी, बालुवा लगायतका स्रोतको उत्खनन तथा निकाशिका लागि IEE (प्रारम्भिक वातावरणीय

परीक्षा) को TOR (कार्य विवरण) स्वीकृत गरी जिल्ला समन्वय समिति तनहुँसँग स्वीकृति लिने निर्णय गरियो ।

**<u>निर्णय नं.१६:</u>** व्यास न.पा. मा हेमपाइपको माग अत्याधिक मात्रमा आएकाले सो मागलाई सम्बोधनका लागि बिभिन्न साइजका हेमपाइप खरिद गर्न रु.१०,००,०००। (दश लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१७:</u>** निम्न योजना तथा कार्यक्रमहरुमा निम्नानुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं | वडा नं | कार्यक्रम/ योजनाको नाम | बिनियोजित रकम |
|---|---|---|---|
| १ | ९ | नगेन्द्र मार्ग बाटो विस्तार | रु.३,३३,०००। |
| २ | १ | अद्धैत मार्ग पक्की नाला निर्माण ठूलो गाउँ टोल | रु.५,००,०००। |
| ३ | १० | शान्ति सामुदायिक अधुरो भवन श्रीभन्ज्याङ्ग टोल | रु.१,५०,०००। |
| ४ | १३ | सरस्वती सामुदायिक भवन निर्माण | रु.२,००,०००। |
| ५ | ५ | घुटुक्दी खा.पा. योजना | रु.५,००,०००। |
| ६ | ५ | वरबोटे टोलको देउचुरे खोल्सीमा चिल्ड्रेनपार्क निर्माण | रु.२,००,०००। |
| ७ | १० | प्रगतीशील मगर समाज भवन छत ढलान | रु.३,००,०००। |
| ८ | १० | डिहीगाउँ क्षेत्रमा बुल्दी खोला र फुस्रे खोला दोभानमा इनार खनी लिफ्टीङ्ग खा.पा. योजना संचालन | रु.६,८५,०००। |
| ९ | ६ | वादी गहते खानेपानी योजना टंकी निर्माण | रु.२,००,०००। |

**<u>निर्णय नं १८:</u>** साविकमा कार्यालयबाट असुल गरिदै आएको सन्दर्भमा हाल आ.व.२०७५/०७६ बाट १४ वटै वडा कार्यालयहरुबाट एकिकृत सम्पत्ति कर सहित अन्य सम्पूर्ण करहरु असुल गर्नका लागि हाल संचालन हुँदै आएको कम्प्यूटर सफ्टवयरले काम नगर्ने भएकाले शहरी विकास तथा शासकीय क्षमता विकास आयोजनाको काठमाण्डौंको सहयोगमा नयाँ सफ्टवयर जडान गरी सम्बन्धित कर्मचारीहरुलाई तालिम समेत प्रदान गर्न Softech Intosys Pvt.LTD सँग रु.१,४५,०००। (एक लाख पैतालीस हजार) र जडान खर्च रु.१,४८,०००। (एक लाख अड्चालीस हजार) तालिम र तथ्यांक परिवर्तन (Data Transfor) खर्च सम्झौता गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**<u>निर्णय नं १९:</u>** तपशिलमा उल्लेखित शाखागत समिति गठन गर्ने निर्णय गरियो ।

**<u>(१) सामान्य प्रशासन तथा अनुगमन शाखा</u>**

(क) नगर प्रमुख -संयोजक
(ख) वडाध्यक्ष श्री विश्वराज न्यौपाने -सदस्य
(ग) कार्यकारीणी सदस्य श्री तमबहादुर दरै -सदस्य
(घ) प्र.प्र.अ. श्री हरिप्रसाद वांस्तोला -सदस्य
(ङ) शाखा अधिकृत श्री मेघनाथ आचार्य -सदस्य सचिव

**<u>(२) राजश्व तथा आर्थिक प्रशासन शाखा</u>**

(क) उपप्रमुख -संयोजक
(ख) वडाध्यक्ष श्री निरबहादुर खड्का -सदस्य
(ग) कार्यकारीणी सदस्य श्री मधुमाया घर्ती -सदस्य
(घ) वरिष्ठ आ.ले.प.अधिकृत श्री कुमारकन्चन जि.सी -सदस्य सचिव

**<u>(३) शिक्षा युवा तथा खेलकुद शाखा</u>**

(क) वडाध्यक्ष श्री काजीमान श्रेष्ठ -संयोजक
(ख) वडाध्यक्ष श्री सुरेश थापा -सदस्य
(ग) शाखा अधिकृत श्री रामेश्वर लामिछाने -सदस्य सचिव

**<u>(४) आर्थिक विकास शाखा</u>**

(क) वडाध्यक्ष श्री काशीराम श्रेष्ठ -संयोजक

(ख) वडाध्यक्ष श्री खरसिं दरै -ससदस्य
(ग) शाखा अधिकृत श्री मोहन सिंह खड्का -सदस्य सचिव

**(५) योजना तथा शहरी पूर्वाधार शाखा**
(क) वडाध्यक्ष श्री सतिशचन्द्र न्यौपाने -संयोजक
(ख) वडाध्यक्ष श्री लेखबहादुर राना -सदस्य
(ग) इन्जिनियर श्री रविन्द्रलाल मुल -सदस्य सचिव

**(६) न्याय, कानून तथा उजुरी प्रशासन शाखा**
(क) वडाध्यक्ष श्री सूर्यभक्त भण्डारी -संयोजक
(ख) कार्यकारीणी सदस्य श्री कल्पना पोखेल -सदस्य
(ग) कार्यकारीणी सदस्य श्री अमृतबहादुर नेपाली -सदस्य
(घ) वरिष्ठ कार्यक्रम अधिकृत श्री राजेन्द्र कार्की -सदस्य सचिव

**(७) वातावरण तथा विपद व्यवस्थापन शाखा**
(क) वडाध्यक्ष श्री मोहनकुमार श्रेष्ठ -संयोजक
(ख) कार्यकारीणी सदस्य श्री नरीमाया राना -सदस्य
(ग) शाखा अधिकृत श्री कृष्णराज घिमिरे -सदस्य सचिव

**(८) सूचना अभिलेख तथा तथ्यांक शाखा**
(क) वडाध्यक्ष श्री ओजराज पौडेल -संयोजक
(ख) कार्यकारीणी सदस्य श्री सुनसरी गुरुङ्ग -सदस्य
(ग) कम्प्यूटर अधिकृत श्री गोकर्णराज वाग्ले -सदस्य सचिव

**(९) भूमि न्याय, तथा भवन नियमन शाखा**
(क) वडाध्यक्ष श्री तुलसीराम सापकोटा -संयोजक
(ख) वडाध्यक्ष श्री तोत्रबहादुर कुवर -सदस्य
(ग) इन्जिनियर श्री मनोज कैनी -सदस्य सविच

**(१०) स्वास्थ्य तथा सामाजिक विकास शाखा**
(क) वडाध्यक्ष श्री प्रेमकुमार श्रेष्ठ -संयोजक
(ख) कार्यकारीणी सदस्य श्री चन्द्रमाया परियार -सदस्य
(ग) हे.अ.श्री हरिशचन्द्र न्यौपाने -सदस्य सचिव

**निर्णय नं.२०:** व्यास नगरपालिका वडा नं.५ स्थित चिन्तुटारमा रहेको आवादी प्रति ऐलानी, वन क्षेत्रले ओगटेको समेत करिब ५००० रोपनी जग्गालाई औद्योगिक क्षेत्र स्थापना गर्न एवं संघीय सरकारसँग माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२१:** व्यास नगरपालिका कार्यालयका लागि आवश्यक १ जना सहायक निरीक्षक १४ जना नगर प्रहरी जवान (९ जना पुरुष र ५ जना महिला) सेवा करारमा लिन गठित छनौट समितिबाट नियुक्तिका लागि सिफारिस भई आएका निम्न मुख्य उम्मेदवारहरुलाई नियुक्ति दिने निर्णय गरियो ।
तपसिल

पदः- नगर प्रहरी सहायक निरिक्षक (सफल उम्मेदार)

| स.नं. | रो.नं. | उम्मेवारको नामथर | बाजेको नाम | बावुको नाम | स्थायी ठेगाना |
|---|---|---|---|---|---|
| १ | ५ | आ षक परियार | खुइले दमै | धनवहादुर परियार | व्यास०७ |

वैकल्पिकउम्मेदवार

| स.नं. | रो.नं. | उम्मेवारको नामथर | बाजेको नाम | बावुको नाम | स्थायी ठेगाना |
|---|---|---|---|---|---|
| १ | ७ | अमृत गुरुङ्ग | चन्द्रवहादुर गुरुङ्ग | खेमवहादुर गुरुङ्ग | व्यास ११ |

पदः- पुरुष नगर प्रहरी जवान (सफल उम्मेदार)

| स.नं. | रो.नं. | उम्मेवारको नामथर | बाजेको नाम | बावुको नाम | स्थायी ठेगाना |
|---|---|---|---|---|---|
| १ | ९७ | मलनध्वज अ धकारी | ऐनवहादुर अ धकारी | बिष्णुध्वज अ धकारी | व्यास ११ |
| २ | ८९ | भोजवहादुर कार्की | रुद्रवहादुर कार्की | हर्कवहादुर कार्की | व्यास ०९ |
| ३ | १ | बिष्णु प्रसाद ला मछाने | देवीप्रसाद ला मछाने | रामचन्द्र ला मछाने | व्यास १० |
| ४ | ४७ | रबिचन्द्र गौली | तारानाथ गौली | चतुरभुज गौली | व्यास ०६ |
| ५ | १९ | कृष्ण वहादुर दरै |  | तुलवहादुर दरै | व्यास ०५ |
| ६ | ७८ | सुरेश कडेल | बलराम जैशी | जुद्ववहादुर कडेल | व्यास ११ |
| ७ | ५९ | प्रबिन गुरुङ्ग | सीतावहादुर गुरुङ्ग | जय प्रकास गुरुङ्ग | व्यास ०७ |
| ८ | ९ | बिष्णु पाण्डे | गोकुल प्रसाद पाण्डे | कुलप्रसाद पाण्डे | व्यास १२ |
| ९ | ८२ | हेम वहादुर बि.क. | शुकराम बि.क | बुद्धराज बि.क | बन्दिपुर ०३ |

वैकल्पिक उम्मेदवार

| स.नं. | रो.नं. | उम्मेवारको नामथर | बाजेको नाम | बावुको नाम | स्थायी ठेगाना |
|---|---|---|---|---|---|
| १ | ५ | राजेन्द्रवहादुर कुमाल | राजेन्द्रवहादुर कुमाल | बु द्धवहादुर कुमाल | व्यास०५ |
| २ | ४४ | गोबिन्द वहादुर नेपाली | ललवहादुर | सुकवहादुर सा र्क | म्याग्दे ०७ |
| ३ | २ | मेखवहादुर दरै | सन्तमान दरै | एकवहादुर दरै | व्यास ०४ |
| ४ | २१ | पृथ्वी राना मगर | बिरवहादुर राना | तिलकवहादुर राना | व्यास ११ |

पदः- महिला नगर प्रहरी जवान (सफल उम्मेदार)

| स.नं. | रो.नं. | उम्मेवारको नामथर | बाजेको नाम | बावुको नाम | स्थायी ठेगाना |
|---|---|---|---|---|---|
| १ | २ | कबिता श्रेष्ठ | बु द्धमानश्रेष्ठ | गणेशमानश्रेष्ठ | व्यास०३ |
| २ | १३ | अन्जना परियार | रि ष दमै | पुर्णवहादुर खाती | व्यास ०८ |
| ३ | ३० | सरस्वती कडारीया | उमानाथ पन्थ | दुर्गावहादुर पन्थ | व्यास १२ |
| ४ | ९ | बिन्जु अ धकारी | तिलकवहादुर अ धकारी | बिष्णुवहादुर अधकारी | व्यास ०४ |
| ५ | ४२ | बिमला अस्लामी मगर | लालवहादुर अस्लामी | धनवहादुर अस्लामी | म्याग्दे ०३ |

वैकल्पिक उम्मेदवार

| स.नं. | रो.नं. | उम्मेवारको नामथर | बाजेकोनाम | बावुको नाम | स्थायी ठेगाना |
|---|---|---|---|---|---|
| १ | ८ | सबिता परियार |  | अन्तमान दर्जि | व्यास१४ |
| २ | २२ | पुष्पा आले रिलामी मगर | भमवहादुर आले | शवहादुर आले | व्यास १३ |